गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा
व्यवस्थापन प्राधिकरण

नेपाल सरकार

गृह मन्त्रालय
विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा
मनसुन पूर्वतयारी तथा प्रतिकार्य कमाण्ड पोष्ट

२४ असार २०८१

बुलेटिन संख्या #१४७६

# मनसुन २०८१ का लागि दैनिक विपद् बुलेटिन- ३४

| घटना संख्या | मृत्यु संख्या | बेपत्ता संख्या | घाइते संख्या | अनुमानित क्षति (ने.रू.) | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| १४७ | १ | ० | ४ | १,११,६०,६५० | ३९ | १५ |

## घटना सारांशः

| घटना | जिल्ला | घटना विवरण/संख्या | मृतक | बेपत्ता | घाईते | प्रतिकार्य |
|---|---|---|---|---|---|---|
| पहिरो | ताप्लेजुङ्ग | फुङलिङ नपा.- ६ बिहिबारे स्थित एक घर माथिबाट पहिरो आई पर्खाल र रेलिङमा क्षति, प्रदेश १-०१-००१ज३७३१ नं.को बुलेरो गाडीमा पहिरोसँगै आएको ढुङ्गाले लागि क्षति । | ० | ० | ० | - |
| | ताप्लेजुङ्ग | सिरिजंगा गापा- ४ सिमलबोटे स्थित तेल्लोक थर्पु भित्री सडकमा पहिरो खसी सडक अवरुद्ध । | ० | ० | ० | पहिरो पन्छाउनको लागि स्थानीय तह र हाईड्रो संग समन्वय भईरहेको । |
| | ओखलढुङ्गा | सिद्धीचरण न.पा- ५ चुप्लु स्थित एक घर माथिबाट पहिरो गई घर जोखिममा । | ० | ० | ० | बि.सु.गार्ड रुम्जाटारको टोली खटिई गएको । |
| | ओखलढुङ्गा | सुनकोशी गापा- ४ खड्कुले स्थित हर्कपुर सिस्नेरी भित्री कच्ची सडक खण्डमा माथिबाट पहिरो गई ठुलो ढुंगा झरी सडक अवरोध । | ० | ० | ० | प्र.चौ.हर्कपुरको टोली गई अबरोध खुलाउनको आवश्यक समन्वय भईरहेको । |
| | ओखलढुङ्गा | चिसंखुगढी गा. पा. - ८ मा पहिरोले भान्सा घरमा क्षति र घर पनि जोखिममा परेपछि उक्त घरका ४ जना सदस्य छिमेकीकोमा बस्दै आएको । | ० | ० | ० | प्रनानि को टोली खटी गएको। |
| | सोलुखुम्बु | दुधकुण्ड न.पा. - ३ सल्लेरीबाट तामाखानी जाने कच्ची सडकखण्डमा पहिरो खसेर सडक अबरुद्ध भएको । | ० | ० | ० | अप्रचौ तामाखानीको टोली खटिई सडक खुलाउने पहल भईरहेको |
| | भोजपुर | साल्पासिलिछो गापा- ५ जौबारी स्थित एक घर पहिरोका कारण जोखिममा । | ० | ० | ० | प्र.चौ. दोभानेको टोली खटि गएको । |
| | भोजपुर | भोजपुर न.पा.- ३ स्थित एक घरमा सुख्खा पहिरो खस्न सुरु भएपछि सामानहरु अर्को घरमा सारिएको । | ० | ० | ० | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | धनकुटा | साँगुरीगढी गापा- ५ मा भेडेटारको भित्री सडक खण्डमा लगातार परेको वर्षातको कारण माथिबाट ढुङ्गा सहितको पहिरो झरेर बाटो अवरुद्ध । | ० | ० | ० | प्रचौ ओखेको टोली खटिई बाटो खुलाउने पहल भइरहेको । |
| | रामेछाप | खाडादेवी गा.पा.- ८ मा ढुङ्गा माटोले बनेको २ तले कच्ची घर अविरल बर्षाको कारण एका तर्फको भित्ता भत्किएको । | ० | ० | ० | प्र.ना.नि. को कमाण्डमा २ जनाको टोलि खटिई गएको । |
| | सिन्धुपाल्चोक | हेलम्बु गा.पा-१ मा एक घरको भित्ता पहिरोले भत्कदा २ जना सामान्य घाइते । | ० | ० | २ | घाइतेलाई उपचारको लागि नगर अस्पताल मेलम्ची पठाईएको। |
| | भक्तपुर | चाँगुनारायण न.पा.- ६ नयाँ गाँउ स्थित एक होटलको टहरा पहिरोका कारण ६ लाख रुपैंया बराबरको नोक्सानी । | ० | ० | ० | प्रहरी प्रभाग नगरकोटको टोली खटी गएको । |
| | रसुवा | उत्तरगया गा.पा.- २ देउराली स्थित पहिरो आई एक घरको पछाडिको भागमा क्षति । | ० | ० | ० | प्र.चौ डाडाँगाउको टोली गई माटो हटाउन पहल भईरहेको । |
| | रसुवा | गोसाईकुण्ड गा.पा.- ५ गाजाबारी स्थित कच्ची सडक पहिरोले अवरुद्ध । | ० | ० | ० | स्थानीय तहसँग समन्वय भई बाटो खुलाउने प्रयास भइरहेको । |
| | धादिङ्ग | बेनिघाट रोराङ गा.पा.- १० पानीधारा स्थित पृथ्वीलोक मार्ग पहिरोले बन्द । | ० | ० | ० | JCB ले पहिरो हटाउने काम भइरहेको। |
| | कास्की | पोखरा म.न.पा.- १८ चङ्खपुर स्थित एक घर पछाडिबाट पहिरो आई घर जोखिममा, २ जना परिवार आफन्तको घरमा गई बसेको । | ० | ० | ० | प्र.चौ. पामेको टोली खटिई गएको । |
| | कास्की | अन्नपूर्ण गा.पा. - १० स्थित बिरेठाँटीबाट घान्द्रुक जाने भित्र कच्ची सडक खण्ड पहिरोले पूर्णरुपमा अवरुद्ध । | ० | ० | ० | प्र.चौ.घान्द्रुकको टोली खटिई सडक खुलाउने पहल भईरहेको । |
| | कास्की | पोखरा मनपा- १७ मा एक व्यक्तिको घर अगाडीको आँगनमा पहिरो गएको । | ० | ० | ० | - |
| | स्याङ्जा | वालिङ न.पा.- १३ पाठेखोला स्थित सिद्धार्थ राजमार्गमा लु. २ ख ३८३९ नं.को हाईसमा माथिबाट पहिरो आई बाँया तर्फ आधा भाग च्यापिन जाँदा हाईसमा सवार वर्ष २१ की एक महिला घाईते, बाटो समेत अवरोध । | ० | ० | १ | व.प्र.का.वालिङको टोली खटिई गई बाटो खुलाउने पहल भईरहेको । |
| | स्याङ्जा | हरिनास गा.पा.- ४ मा पहिरोले गोठ पुर्दा एउटा गोरु मरेको । | ० | ० | ० | प्र.चौ.चित्रभङज्याङको टोली खटि गएको । |
| | स्याङ्जा | हरिनास गा.पा.- ५ बाखिखोर स्थित एक गोठ माथिबाट पहिरो आई १ वटा भैसी र १ वटा पाडोको मृत्यु भई २ लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | प्र.चौ.चित्रभङज्याङको टोली खटिई गएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | स्याङ्जा | अर्जुनचौपारी गापा- १ सिमलचौर स्थित एक गोठ माथिबाट पहिरो आई ४ वटा बाख्राको मृत्यु, ६ वटा बाख्रा र १ वटा भैसी घाईते हुँदा ६ लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | प्र.चौ.अर्जुनचौपारीको टोली खटिई गएको । |
| | म्याग्दी | मंगला गा.पा. -२ मा एङ्क कच्ची घर बर्षातको कारण भत्किदा भाडाकुडा, लत्ताकपडा, अन्नपात सहित ५ लाख बराबरको क्षति भएको । | ० | ० | ० | प्र.चौ. बाबियाचौरको टोली खटिई गएको । |
| | म्याग्दी | रघुगंगा गा.पा. -२ माथिल्लो बैसरी स्थित बेनी- जोमसोम सडक खण्ड पहरोका कारण अवरुद्ध । | ० | ० | ० | अ.प्र.पोष्ट तिप्ल्याङको टोली खटिई JCB ले बाटो खुलाउने कार्य भई रहेको |
| | कपिलवस्तु | शिवराज नपा- १ चोरखोला स्थित पूर्व पश्चिम राजमार्गमा बर्षाका कारण सडक माथिबाट पहिरो आई सडक अबरोध । | ० | ० | ० | हाल बाटो सुचारु । |
| | रोल्पा | माडि गापा- २ खोलबाङ स्थित घोराही रुकुम शहिद राजमार्गमा अबिरल बर्षाको कारण माथिबाट पहिरो आई बाटो पूर्णरुपमा अबरोध । | ० | ० | ० | बाटो खुलाउने पहल भइरहेको । |
| | प्युठान | माण्डवी गा.पा.- १ गर्जेनी स्थित बर्षादको कारण माथिबाट लेदो आई भालुबाङ दाङ प्युठान मुख्य सडक खण्ड अबरुद्ध । | ० | ० | ० | प्र.चौ. देबिस्थानको टोली खटिई गई खुलाउनको लागि समन्वय भईरहेको |
| | प्युठान | सरुमारानी गा.पा.- ४ मोतिपुर खहरेखोला स्थित बर्षादको कारण माथिबाट ढुङ्गा माटो सहितको लेदो आई भालुबाङ दाङ प्युठान सडक खण्ड बन्द । | ० | ० | ० | प्र.चौ.बङ्गाँडाको टोली खटि गई खुलाउनको लागि समन्वय भईरहेको । |
| | प्युठान | माण्डबी गा.पा.- १ गर्जेनि स्थित बर्षादको कारण माथिबाट लेदो सहितको पहिरो आई भालुबाङ दाङ प्युठान सडक खण्ड बन्द । | ० | ० | ० | प्र.चौ. देबिस्थानको टोली गई बाटो खुलाउन समन्वय भईरहेको । |
| | प्युठान | ऐरावती गा.पा.-४ स्थित पहिरोले भित्री सडक खण्ड बन्द । | ० | ० | ० | बाटो खुलाउने प्रयास भएको । |
| | अर्घाखाँची | शितगंगा न.पा- १० देउराली स्थित हर्रे सिद्दारा सडक खण्डमा अबिरल बर्षाको कारण पहिरो खसि बाटो पूर्णरुपमा बन्द | ० | ० | ० | - |
| | अर्घाखाँची | सन्धिखर्क न.पा.- ६ रिब्दी स्थित सन्धिखर्क गोरुसिङगे सडक खण्डमा रुख सहितको पहिरो झरि बाटो अबरोध । | ० | ० | ० | JCB द्धारा बाटो खुलाइएको । |
| | अर्घाखाँची | शितगंगा न.पा- ७ जुवाकोट स्थित गच्छे भालुवाङ सडक खण्डमा अबिरल बर्षाको कारण पहिरो खसि बाटो पूर्णरुपमा बन्द। | ० | ० | ० | पानी पर्न रोकिए पश्चात पहिरो हटाउने काम शुरु गर्ने तयारी । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बर्दिया | बासगढी न.पा. –१ स्थित नेपालगंज सुर्खेत सडक खण्डमा पहिरोले एक तर्फी बाटो अबरुद्ध । | ० | ० | ० | प्र.चौ.चेपाङको टोली खटिई सडक खुलाउने प्रयास भइरहेको । |
| | पाल्पा | तानसेन न.पा.- ६ कोकरङगा स्थित एक घर माथिबाट पहिरो आई भित्ता भत्किई घर जोखिममा, ४ जनाको परिवार आफन्तको घरमा गई बसेको । | ० | ० | ० | - |
| | पाल्पा | रिब्दिकोट गा.पा. -३ स्थित पाल्पा-गुल्मी पक्कि सडक पहिरोले बाटो अवरुद्ध। | ० | ० | ० | बाटो खुलाउने प्रयास भइरहेको । |
| | पाल्पा | बगनासकाली गा.पा. -६ मा जस्ता पाताको छानो भएको १ तले कच्चि गोठ पहिरोले पुरिदा १ लाख ५० हजार रुपैंया बराबरको क्षति । | ० | ० | ० | प्र.स.नि.को कमाण्डमा २ जनाको टोली खटिई गएको । |
| | पाल्पा | रामपुर न.पा. -१ कालिगण्डकी करिडोर सडक खण्ड पहिरोका कारण अवरुद्ध । | ० | ० | ० | प्र.चौ.केलादीको टोली खटि बाटो खुलाउन समन्वय भईरहेको । |
| | पाल्पा | पुर्वखोला गा.पा.-५ मा पहिरोले कच्ची घर र गोठमा क्षति भई गाई, बाख्रा, कुखुरा र सम्पूर्ण सामान पुरिएको। | ० | ० | ० | - |
| | पाल्पा | रम्भा गा.पा.- ५ जलपादेबी मन्दिर नजिकै आर्यभन्ज्याङ-रामपुर भित्री सडक खण्डमा माथिबाट रुख सहितको पहिरो आई बाटो पूर्णरुपमा अवरोध । | ० | ० | ० | बाटो खुलाउनको लागि गिङडुम वाईबा कन्ट्रक्सनसँग समन्वय भईरहेको । |
| | सुर्खेत | सिम्ता गा.पा.- ४ काले खोला स्थित सुर्खेत जाजरकोट सड्क खण्डमा पहिरो आई बाटो अवरोध । | ० | ० | ० | - |
| | सुर्खेत | बराहाताल गा.पा.- ५ बिजिनिखोला स्थित मदन भण्डारी राजमार्गमा पहिरो आई बाटो अवरोध । | ० | ० | ० | - |
| | सुर्खेत | गुर्भाकोट न.पा.३ पोखरे स्थित सुर्खेत जाजरकोट सडक खण्डमा पहिरोले बाटो पुर्ण रुपमा अवरुद्ध भएको । | ० | ० | ० | प्रहरी टोली पहिरो खुलाउन खटि गएको । |
| | सुर्खेत | गुर्भाकोट न.पा.-२ मा एक घरको पछाडी रहेको शौचालय पुरीएको । | ० | ० | ० | प्रहरी टोली खटि गएको । |
| | दैलेख | आठबिस नपा.- ४ भेल्तडी स्थित माथिबाट पहिरो आई कर्णाली राजमार्ग पूर्णरुपमा अबरुद्ध । | ० | ० | ० | - |
| | दैलेख | गुराँस गापा- ४ स्थित सुर्खेत दैलेख सडक खण्डमा पहिरो खसेर बाटो पूर्णरुपमा अवरुद्ध । | ० | ० | ० | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सल्यान | शारदा न.पा.- ७ रामेखोला स्थित राप्ती राजमार्गमा बर्षातको कारण पहिरो आई बाटो अबरोध । | ० | ० | ० | बाटो खुलाउन पहल भईरहेको । |
| | सल्यान | दार्मा गा.पा.- ५ मा राप्ती राजमार्ग अन्तर्गत सडक खण्डमा पहिरोले बाटो अबरुद्ध । | ० | ० | ० | प्र.ना.नि.को टोली खटीएर बाटो खुलाउने प्रयास भइरहेको । |
| | सल्यान | कपुरकोट गा.पा - ३ मा राप्ती राजमार्गमा पहिरोका कारण बाटो अबरुद्ध भएको । | ० | ० | ० | प्रहरी टोली खटिई बाटो खुलाउने प्रयास भएको । |
| | जाजरकोट | भेरी न.पा.- १२ कास्तरा भन्ने स्थित एक घर बर्षातको कारण भत्किई घर समेत जोखिममा । | ० | ० | ० | - |
| | कालिकोट | तिलागुफा न.पा.–६ टिमुरे स्थित कर्णाली राजमार्गमा अबिरल बर्षातका कारण सडकभन्दा माथिबाट पहिरो आई कर्णाली राजमार्ग पुर्णरुपमा अवरुद्ध । | ० | ० | ० | प्र.ह को कमाण्डमा २ जनाको टोली खटिएको र बाटो खुलाउने प्रयास भई रहेको । |
| | कालिकोट | खाडाचक्र न.पा.- ६ मोल्फा बाजर देखी ३ कि.मि.पुर्वमा पहिरो आई कर्णाली राजमार्ग अवरुद्ध। | ० | ० | ० | प्र.स.ह को टोली खटिई गएर पहिरो हटाउने प्रयास भएको । |
| | कालिकोट | शुभकालिका गा.पा. –६ मा ढुङ्गा माटोले वनेको कच्ची घरमा रहेको खुद्रा पसल बर्षातको कारण भत्किएको । | ० | ० | ० | प्र.ब.ह.को कमाण्डमा ३ जनाको टोली खटिगएको । |
| | कालिकोट | पचालझरना गा.पा.- ८ स्थित कर्णाली करिडोर सडकखण्ड अविरल बर्षाको कारण अवरुद्ध । | ० | ० | ० | प्र.ना.नि.को टोली खटिई बाटो खुलाउने पहल भईरहेको । |
| | हुम्ला | सर्केगाड गा.पा.- ४ कालामुडा स्थित माथिबाट पहिरो आई कर्णाली करीडोर अन्तर्गत सर्केगाड देखि सदरमुकाम जाने बाटो अवरोध । | ० | ० | ० | प्र.चौ.सर्केदेउको टोली गई बाटो खुलाउन समन्वय भईरहेको । |
| | हुम्ला | नाम्खा गा.पा. -५ हिल्सा हुम्ला सम्म जाने सडक खण्ड पहिरोले अवरुद्ध। | ० | ० | ० | प्र.चौ. यारीको टोली खटिई गएको । |
| | डोटी | पुर्विचौकी गा.पा.- ४ स्थित सानागाँउ स्वास्थ्य चौकी भवनको पछाडी पट्टी माथिबाट पहिरो आई ३ वटा झ्याल फोडी ढुङ्गा माटो भित्र पसेको हुँदा कोठाभित्रका औषधी तथा सामानहरु सबै अर्को भवनमा सारिएको । | ० | ० | ० | - |
| | डोटी | आदर्श गा.पा.- १ चासी स्थित दिपायल चासी भित्री सडकखण्ड माथिबाट आएको पहिरोको ढुङ्गा लागी एक घरको पछाडी पट्टीको दिवाल चर्किई घर जोखिममा, ६ जनाको परिवार आफन्तको घरमा गई बसेको । | ० | ० | ० | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | डडेल्धुरा | गन्यापधुरा गा.पा.- २ रडुवा स्थित केआइ सिंह राजमार्गमा बर्षातका कारण माथिबाट पहिरो आई सडक अवरोध । | ० | ० | ० | प्रचौ सकायलको टोली खटिई गएको । |
| | डडेल्धुरा | गन्यापधुरा गा.पा. - १ साहुखर्क नजिक भिमदत्त राजमार्ग पहिरोका कारण अवरुद्ध । | ० | ० | ० | प्र.ब.ह. को टोली खटिएर बाटो खुलाउन पहल भएको । |
| | डडेल्धुरा | गन्यापधुरा गा.पा. - १ साहुखर्क नजिक भिमदत्त राजमार्गमा माथिबाट ढुङ्गा खसी बाटो अबरोध । | ० | ० | ० | ढुङ्गा खसिरहेकोले सडक खुलाउन सम्भव नभएको । |
| | बझाङ्ग | जयपृथ्वी नपा.- ७ मालाभिर स्थित जयपृथ्वी राजमार्गमा माथिबाट पहिरो आई सडक अबरुद्ध । | ० | ० | ० | प्रहरी टोली खटिई गई पहिरो हटाई यातायात सुचारु । |
| | बझाङ्ग | बुंगल न.पा. -११ को एक घर पहिरोले चर्किएको र आँगन भत्किई घर जोखिममा, प्रभावित परिवारलाई आफन्तकोमा सारिएको । | ० | ० | ० | प्र.स.नि. को टोली खटिई गएको । |
| | बझाङ्ग | बित्थडचिर गा.पा. –२ मा सडकमा पहिरो जाँदा एक घर जोखिममा | ० | ० | ० | प्रभावित परिवारलाई अर्को घरमा सारिएको । |
| | बैतडी | पाटन न.पा.- ८ स्थित जयपृथ्वी राजमार्ग अन्तर्गत बझाङ-खोड्पे बैतडी सडक खण्डको झ्याउलेक भन्ने स्थानमा सडक माथिबाट पहिरो खसि सडक अवरोध । | ० | ० | ० | सडक डिभिजन कार्यालय पाटनबाट JCB पठाइएको । |
| **बाढी** | झापा | भद्रपुर न.पा.- ५ मसानघाट र भारततर्फको भतगाउँ ग्राम पञ्चायत डाकुजोत सीमा ईलाकामा रहेको सानो सीमा स्तम्भ नं. १०१।७ बाढीका कारण लडी फेला नपरेको । | ० | ० | ० | - |
| | झापा | मेचिनगर नपा-८ स्थित सूर्योदय टोलमा राजपैनीमा पानीको बहाब धेरै भई एका तर्फको भाग भत्किदा पानी गाउँ बस्तीमा पस्दा दुई घर डुबानमा। | ० | ० | ० | प्रसनिको कमाण्डमा प्रहरी टोली खटिई गएको । |
| | सुनसरी | कोशी गापा -८ स्थित सप्तकोशी नदीको बहाब बर्षाको कारण बढन गई ३,६८,६८० क्युसेक प्रतिसेकेण्ड रहेको र ५६ वटा ढोका खुल्ला रहेको। | ० | ० | ० | उक्त स्थानमा प्रचौ कोशी ब्यारेजबाट निरन्त रुपमा निगरानी गर्ने कार्य भईरहेको । |
| | काठमाडौं | चन्द्रगिरी न.पा.- ११ र १५ को सिमानामा रहेको बलम्वु खोलामा आएको बाढीले पुल भत्कने अवस्थामा रहेको र पुल भत्किई बाँध बनेमा स्थानीय गाँउमा ठुलो क्षति पुग्नसक्ने, बिजुलीको खम्वा लडी विद्युत अवरुद्द । | ० | ० | ० | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ललितपुर | ललितपुर गो.न.पा.- १३ झरुवाराशी स्थित एक टहरामा माटो र पानी सहितको लेदो भित्र पसी क्षति। | ० | ० | ० | अ.प्र.विट सन्तानेश्वरबाट प्रहरी टोली खटिई बुझेको । |
| | ललितपुर | गोदावरी न.पा.-१३ झरुवाराशी गंगटे खोला नजिए एक टहरा बाढीको जोखिममा । | ० | ० | ० | - |
| | पर्वत | कुश्मा न.पा-९ चिप्ले खोला तर्ने क्रममा एक व्यक्तिको स्कुटर बगाएको, चालक सकुसल रहेको। | ० | ० | ० | अ.प्र.पोष्ट कुश्माको टोली खटिगई स्थानीयको सहयोगमा स्कुटर निकालिएको। |
| | मुस्ताङ्ग | घरपझोङ गापा- २ स्थित बेनि जोमसोम सडक खण्डमा बर्षातको कारण मार्फा खोलामा पानीको बहाव बढी बाटो पूर्णरुपमा अवरुद्ध। | ० | ० | ० | बाटो खुलाउने प्रयास भईरहेको। |
| | बाँके | रासीसोनारी गा.पा.- ६ फत्तेपुर स्थित नेपालगंज देखि बैजापुर हुँदै निस्कने बाटोमा पानी जमेर अवरुद्ध । | ० | ० | ० | अ.प्र.पोष्ट फत्तेपुर 'ख'को टोली खटिई बाटो खुलाउने प्रयास भएको । |
| | बाँके | रासिसोनारी गा.पा. – १ मा एक घरको एकातर्फको पर्खाल बर्षाको कारण भत्किई क्षति । | ० | ० | ० | प्रभावित परिवारलाई आफन्तकोमा सारिएको । |
| | बर्दिया | गुलरिया न.पा.- १ छेदापर गाउँ स्थित एक घर भित्र नालाको पानी पसि १५ हजार रुपैया बराबरको अन्नपात भिजि क्षति । | ० | ० | ० | प्रहरी टोली खटि गई मानिस तथा चौपयाको उद्धार गरी सुरक्षित स्थानमा राखिएको । |
| | बर्दिया | मधुबन न.पा. –७ मा माटोको एक तले घरको पछाडीको भित्तो भत्किएको । | ० | ० | ० | - |
| | बर्दिया | राजापुर न.पा. -१ मा भडारी खोलाबाट आएको पानी २५ घर धुरीमा पसि डुबानमा । | ० | ० | ० | प्रभावितहरु सडक छेउमा पाल टाँगेर बसीरहेको । |
| | बर्दिया | गुलरिया न.पा.- १० थारुपर्सिया स्थित एक घरमा अविरल वर्षाको कारण पानी पसी अन्नपात र घर पूर्णरुपमा क्षति । | ० | ० | ० | ई.प्र.का.मथुराको टोली खटिई गएको । |
| | बर्दिया | राजापुर .न.पा.-८ मा दुई वटा गोदाममा वर्षाको पानी पसेर २१८ बोरा खाद्यान्न भिजेर क्षति । | ० | ० | ० | प्र.स.नि. को कमाण्डमा टोली खटिएको । |
| | दाङ्ग | घोराही उ.म.न.पा.- १६ सर्रा स्थित बिशाल हार्डवेयरको गोदाम भित्र पानी पसि सिमेन्ट-३५७ बोरा भिजी १ लाख ६० हजार ६ सय ५० रुपैंया बराबरको क्षति । | ० | ० | ० | अ.प्र.पोष्ट सर्राको टोली खटिई गएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सुर्खेत | सिम्ता गा.पा.- ९ खाम्ना बस्ने वर्ष ७ की एक बालिकालाई कुदाल खोलाले बगाएकोमा मृत अवस्थामा फेला । | १ | ० | ० | प्र.चौ. आलीको टोली खटिई गएको । |
| | सुर्खेत | पन्चपुरी न.पा.- ११ कुइने स्थित एक गाइगोठमा अविरल बर्षातका कारण माथिबाट आएको नाउला खहरे खोला एक्कासी गोठ भित्र पसी गोठ पूर्णरुपमा भत्किई क्षति । | ० | ० | ० | प्रहरी र स्थानीयको सहयोगमा ३ वटा गोरुको सकुसल उद्दार, १ वटा गोरु घाइते । |
| | सुर्खेत | लेकवेशी न.पा.-१ र गुर्भाकोट न.पा.-१४ को सिमाना स्थित मदन भण्डारी राजमार्गको खहरेखोलामा बाढी आई बाटो पूर्णरुपमा अबरोध । | ० | ० | ० | - |
| | हुम्ला | नाम्खा गा.पा.- ४ याङगर स्थित याङगर माईक्रो हाईड्रो पावरको नहरको मुहानमा याङगर खोलामा आएको बाढीले बगाई क्षति । | ० | ० | ० | प्र.चौ.यल्वाङको टोली खटिई गएको । |
| | डडेल्धुरा | पर्शुराम न.पा.- १२ स्थित सिद्दनाथ खोला र पुन्तुरा खोलामा बाढी आई ४ घर जोखिममा । | ० | ० | ० | प्रहरी टोली खटिई गई २१ जनालाई ऐ.पर्शुराम न.पा.को भवनमा सारिएको । |
| | कैलाली | गौरीगंगा न.पा.- ५ र ७ को बिचमा पर्ने सेती खोला र बालुवा खोलाको दोभानमा रहेको खोला तर्ने क्रममा एक्कासी खोलामा पानीको सतह बढ्दा वर्ष ७१, वर्ष ३८ र वर्ष ३ का गरी ३ जना पुरुष र वर्ष ८ की एक जना महिला गरी ४ जना खोलाको बीच भागमा फस्न गएको । | ० | ० | ० | प्र.ब.ना.नि.को टोली खटिई गई स्थानीय व्यक्तिहरुको सहयोगमा सबैजनाको सकुशल उद्दार गरिएको । |
| | कैलाली | टीकापुर नपा-६ मा पथरैया नदीको बाढी पसी १५ घरधुरी डुबानमा । | ० | ० | ० | प्रचौकी सत्तिको टोली खटीई स्थानीयको सहयोगमा प्रभावितलाई नजिकैको जेशिश हलमा सारेको । |
| | कैलाली | अबिरल बर्षाका कारण कान्द्रा नदीमा पानीको बहाव बढ्दै गई बाढीको जोखिम बढकेकाले भजनी न.पा.- ५ नयाँ बस्तीका करिव ३० घरधुरीका १४१ जना मानिसहरु ऐ.ठेकी पुल नजिकको हुलाकी राजमार्गको छेउछाउमा र ऐ.-७ चर्राका ९ घरधुरीका ४८ जना मानिसहरु चर्रा बजारको हुलाकी राजमार्गको छेउछाउमा त्रिपाल हाली बसेका । | ० | ० | ० | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कैलाली | कैलारी गा.पा.-५ मा बाढी र वर्षाको पानी पसि ४५ घर डुबानमा । | ० | ० | ० | प्रभावितहरुलाई माथिल्लो तलामा सार्ने काम भइरहेको । |
| | कैलाली | भजनी न.पा. –१ मा ३ घरमा कान्द्रा नदीको बाढी पसेपछि १० जनालाई छिमेकीको घरमा सारिएको । | ० | ० | ० | प्र.नि.को टोली र भजनी न.पा.को सयुक्त टोली खटि गएको । |
| | कैलाली | भजनी न.पा.- ९ भुरुवा टोलका ६ घरमा कान्द्रा नदीको बाढी पसेपछि करिव ६० जनालाई स्थानीयको सहयोगमा नजिकैको विद्यालयमा सारिएको । | ० | ० | ० | नदीको बाढी निकै बढेका कारण प्रभावित त्तकाल प्रहरी टोली खटिन सकिने अवस्था नभएको । |
| | कञ्चनपुर | भिमदत्त न.पा.- १८ कटान स्थित अबिरल बर्षाका कारण डुबान भई १२ घर परिवारका ७० जनालाई सुरक्षित स्थान महेन्द्रनगर मा.बि. साधारणमा सारिएको । | ० | ० | ० | - |
| | कञ्चनपुर | भिमदत्त न.पा.- १८ सालघारी सुकुमबासी टोलमा १५०/२०० कच्ची घर टहराहरु डुबानमा, एक घर भत्किएको । | ० | ० | ० | व.प्र.का.महेनद्रनगर, नेपाली सेना र नगर प्रहरीको टोली गई प्रभावितहरुलाई नजिकैको मदन स्मृति मा.बि.मा सार्ने कार्य भईरहेको । |
| | कञ्चनपुर | पुर्नबास न.पा. मा ११ घर डुबान हुँदा ५० जना प्रभावितहरुलाई आफन्तकोमा सारिएको । | ० | ० | ० | प्र.नि. को टोली खटि गएको । |
| | कञ्चनपुर | शुक्लाफाटा न.पा.– ८ मा धारापानी खोलाको पानी बढ्दा बिच टापुमा एक व्यक्ति अड्किएकोले उद्धारका लागि प्र.नि. को कमाण्डमा ७ जनाको प्रहरी टोली खटि गएको । | ० | ० | ० | - |
| | कञ्चनपुर | शुक्लाफाटा न.पा.- १ बन्साह स्थित एक घर डुबानमा परी ६ जना मानिसहरुलाई उद्धार गरी सुरक्षित स्थानमा राखिएको । | ० | ० | ० | - |
| | कञ्चनपुर | दोधरा न.पा.- १० मा जोगबुढा नदीको बाढी घरभित्र पस्दा ४ घर परिवारका २६ जनालाई आफन्तको घरमा सारिएको । | ० | ० | ० | - |
| | कञ्चनपुर | बेल्डाँडी गा.पा.- ५ इमिलियामा चदारा नदीबाट इमिलिया तर्फ आएको नहरमा पानीको वहाव बढ्न गई ऐ.गाउँका १५० घरधुरी जोखिममा, ४०० जना सुरक्षित स्थान र ऐ.-२ गौडीतर्फ आफन्तको घरमा बसिरकेको । | ० | ० | ० | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कञ्चनपुर | पुनर्वास न.पा.- ५ सिम्रि स्थित दोदा नदीको पानीको वहाव बढ्न गई सिम्री बस्तीमा पस्दा ४० घरधुरीका २२० जनालाई श्री चन्द्र वाल आधारभूत विद्यालयमा सार्ने कार्य भईरहेको । | ० | ० | ० | - |
| | कञ्चनपुर | बेदकोट न.पा.- ७ स्थित अविरल बर्षाका कारण पुर्व-पश्चिम राजमार्गको कल्भर्ट भत्किन गई आवत-जावत बन्द । | ० | ० | ० | प्र.चौ. सुडाको टोली खटिई गएको । |
| | डोटी | जोरायल गापा-४ कुच्चे खोलाको बाढीले एककोठे पक्की घर जोखिममा । | ० | ० | ० | स्थानीय र प्रहरीको सहयोगमा आफन्तकोमा सारिएको । |
| **अबिरल वर्षा** | भोजपुर | साल्पासिलिछो गापा- ५ प्वाँदो स्थित एक घर माथिबाट पहिरो खसि घरको भित्ता सहित बरण्डामा सामान्य क्षति, घर जोखिममा । | ० | ० | ० | - |
| | ओखलढुङ्गा | सिद्धिचरण नपा- ९ ज्यामिरेमा जमिन भासिएर गोठ भत्किई क्षति। | ० | ० | ० | - |
| | खोटाङ्ग | दिप्रुङइचुम्मा गापा- ७ तेम्वा एकेबर स्थित एक घरमा छानाबाट पानी चुहिन गई अगाडि पट्टीको गारो लडि १० लाख रुपैयाँ बारबारको क्षति । | ० | ० | ० | ७ जनाको परिवार आफ्नै गोठमा सरेको । |
| | सोलुखुम्बु | सोलुदुधकुण्ड नपा- ८ स्थित एक घर अविरल वर्षाको कारण भासिई क्षति । | ० | ० | ० | - |
| | सोलुखुम्बु | सोलुदुधकुण्ड न.पा.- १० टाप्टिङ स्थित वोङछु शेर्पा मेमोरियल प्राथमिक अस्पतालको बायाँ पट्टिको ग्याविन तार जालीको पर्खाल लडि अस्पतालको भवन जोखिममा । | ० | ० | ० | प्र.चौ.पत्तालेबाट प्र.ह.को कमाण्डमा टोली खटिई गएको । |
| | उदयपुर | त्रियुगा न.पा.- १६ ढाडखर्क स्थित अबिरल वर्षाका कारण एक घर भाँसिएर चर्किई १ लाख २५ हजार रुपैंया बराबरको क्षति, ४ जनाको परिवार आफन्तको घरमा बस्दै आएको । | ० | ० | ० | - |
| | सर्लाही | ईश्वरपुर न.पा.- १० खैराटोल स्थित एक खाली घरगोठ बर्षाको पानीको कारण पूर्णरुपमा भत्किई ४० हजार रुपैंया बरावरको क्षति । | ० | ० | ० | - |
| | रौतहट | गुजरा न.पा.-१ लमहा खोलामा अबिरल बर्षाको कारण पानीको सतह बढी बालचनपुर जंगलसहिया जाने भित्री सडक खण्ड अवरोध । | ० | ० | ० | प्र.स.नि.को टोली खटिई गएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बारा | आदर्श कोतवाल गा.पा. -४ मा वर्षाका कारण घर भत्किदा १ लाख ५० हजार रुपैंया बराबरको क्षति । | ० | ० | ० | प्र.ना.नि.को कमाण्डमा टोली खटि गएको । |
| | बारा | फेटा गा.पा.– ३ वर्षाका कारण एउट कच्ची घर भत्किई लत्ताकपडा र अन्य सर-समान गरी १ लाख १५ हजार बराबरको क्षति । | ० | ० | ० | - |
| | ललितपुर | महालक्ष्मी नपा- ३ मा डुबानका कारण प्रिन्टिङ प्रेसमा भएका कागज र मेसिनहरु भिजी ७० लाख बराबरको क्षति । | ० | ० | ० | प्रहरी प्रभाग इमाडोल बाट प्र.नि.को टोली खटी गएको । |
| | रसुवा | उत्तरगया गा.पा.- १ स्थित तिरु आधारभूत विद्यालयको कम्पाउण्डको वाल भत्किई एक घर पुरीन जाँदा घरको माथिल्लो भित्तामा क्षति । | ० | ० | ० | अ.प्र.पोष्ट मैलुङको टोली खटिई गएको । |
| | कास्की | पोखरा मनपा.- २१ कृष्ती मैदान स्थित अबिरल वर्षाका कारण एक घरको पछाडी रहेको ढुङ्गाको पर्खाल भत्किई घर जोखिममा । | ० | ० | ० | प्र.चौ. छोरेपाटनको टोली खटिई गएको । |
| | पर्वत | पैंयु गा.पा.- ६ साधने स्थित अविरल वर्षाको कारण पहिरो गई श्री लक्ष्मी भवन आधारभूत विद्यालयको २ वटा कोठा भत्किई ७ थान कम्प्युटर, २ थान प्रिन्टर र अन्य अफिसियल सामाग्रीहरु क्षति । | ० | ० | ० | अ.प्र.पोष्ट भोर्लेको टोली खटिई गएको । |
| | स्याङ्जा | वालिङ न.पा. –१ मा एक गोठ भत्किदा एउटा भैंसी मरेको । | ० | ० | ० | - |
| | पाल्पा | रामपुर न.पा.१० मा मा दुईवटा घर अबिरल बर्षाको कारण भासिएको र त्यहाँ बस्ने परिवारलाई छिमेकीकोमा सारिएको | ० | ० | ० | - |
| | रोल्पा | रोल्पा नपा- २ पिपल चौतारा स्थित एक घर अबिरल बर्षाको कारण भित्ता भत्किई सामान्य क्षति । | ० | ० | ० | जि.प्र.का.को टोली खटिई गएको । |
| | बर्दिया | गुलरिया न.पा.- १ भन्सार टोलका १२ घरधुरी र बालगोपाल टोलका १० घरधुरीमा पानी पसी डुबानमा । | ० | ० | ० | प्र.चौ.खैरापुर कको टोली गई JCB बाट पानीको निकास खुलाईएको । |
| | बर्दिया | मधुबन न.पा.- ३ देउरानी टोल स्थित ४ घरधुरीमा बबई नहरबाट आएको पानी पसी अन्तपात क्षति । | ० | ० | ० | प्र.चौ. धनौराको टोली खटिई गएको । |
| | दाङ्ग | राप्ती गा.पा.- २ हर्से डाँडा स्थित अबिरल वर्षाका कारण एक घरको दुवै तर्फको देवाल भत्किई १ लाख रुपैंया बराबरको क्षति, प्रभावित परिवार आपन्तकोमा गई बसेको । | ० | ० | ० | इ.प्र.का.भालुवाङको टोली खटिई गएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | दाङ्ग | घोराही उ.म.न.पा.-१९ स्थित एक घर वर्षाका कारण भत्किदा लत्ताकपडा, भाडावर्तन, अन्नपात गरी ४ लाख ६० हजार रुपैंया बरारबको क्षति । | ० | ० | ० | प्र.चौ. दुईखोलीको टोली खटिई गएको । |
| | सुर्खेत | लेकवेशी न.पा.- ८ कुइने पानी स्थित एक गाईगोठ भत्किदा १ वटा गोरु र २ वटा बाखाको मृत्यु । | ० | ० | ० | - |
| | सुर्खेत | भेरीगंगा न.पा- ९ विश्वकर्मा टोल स्थित एक घरमा अबिरल बर्षातको कारण पछाडिको देवाल र छानो भत्किई क्षति। | ० | ० | ० | अ.प्र.पोष्ट जहरेको टोली खटिई गएको । |
| | सुर्खेत | बराहताल गा.पा.- ६ स्थित ब्युरेनी खोलामा बाढी आई बड्डीचौरबाट बाबियाचौर जोड्ने सडक खण्ड पूर्णरुपमा अवरुद्ध । | ० | ० | ० | प्र.ह.को टोली खटि गएको । |
| | दैलेख | दुल्लु नपा.- ८ गैरिपिपल स्थित एक घर अबिरल बर्षाका कारण भत्किई क्षति । | ० | ० | ० | - |
| | जाजरकोट | बारेकोट गा.पा.- ७ स्थित अबिरल वर्षाका कारण एक घरको पर्खाल भत्किई क्षति। | ० | ० | ० | - |
| | कालिकोट | रास्कोट न.पा.- ५ स्थित एक घर अबिरल वर्षाका कारण भत्किई क्षति । | ० | ० | ० | - |
| | जुम्ला | चन्दननाथ न.पा. - ४ मा एक घरको पर्खाल वर्षाका कारण भत्किई क्षति। | ० | ० | ० | - |
| | कैलाली | गोदावरी न.पा.- ११ बाङ्गेसाल स्थित अबिरल वर्षाका कारण एक घरको पछाडिको दिवाल भत्किई अन्नपात, लत्ताकपडा पुरिई क्षति । | ० | ० | ० | प्रभावित आफन्तको घरमा गई बसेको । |
| | कैलाली | चुरे गापा- ५ खानिडाँडामा एक भवन बर्षातका कारण भत्किई क्षति। | ० | ० | ० | - |
| | कैलाली | बर्दगोरिया गा.पा.- ३ रानिकुण्डा स्थित एक घरमाथि जामुनको रुख ढलेर घर र खाद्यान्न क्षति । | ० | ० | ० | प्रहरी टोली र स्थानीयको सहयोगमा ६ जनालाई लालिगुँरास सामुदायिक वन उपभोक्ता समुहको भवनमा राखिएको । |
| | कैलाली | कैलारी गा.पा.- ७ छोटी बसन्ता स्थित कटैनी नदीको बहाव बढ्न गई २ वटा घर र भान्सा घर भित्र पानी पसी डुबानमा | ० | ० | ० | इप्रका रामपुरको टोली खटिई गई सुरक्षित स्थान तर्फ सार्ने कार्य भईरहेको |
| | कञ्चनपुर | बेलौरी न.पा. - ९ मा हावाहुरीका कारण टाईलले छाएको कच्चि घरमाथि सालको रुख ढलेर ७० हजार रुपैयाँ बराबरको क्षति, सोही रुख अर्को घरको भित्ता पनि चर्किदा १५ हजार रुपैंया बराबरको क्षति | ० | ० | ० | प्र.चौ पचुईको टोली खटि गएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कञ्चनपुर | भिमदत्त न.पा.- १३ झुलुङगे स्थित प्रहरी चौकी भित्र पानी पस्न गई डुबानमा । | ० | ० | ० | - |
| | बैतडी | दशरथचन्द न.पा.-४ मा अबिरल बर्षाको कारणले एक गोठ भत्किदा एउटा बाख्रा मरेको । | ० | ० | ० | प्र.ब.ह. को टोली खटि गएको । |
| | बझाङ्ग | केदारस्यु गा.पा. –९ मा अविरल वर्षाका कारण एक घरको सिढी र बारदली भत्किन गई घर जोखिममा । | ० | ० | ० | - |
| | डोटी | आदर्श गा.पा.- ३ सायल गाड स्थित अविरल बर्षाका कारण जालकुले र दुमड जोड्ने झोलुङ्गे पुलको पर्खाल भत्किई आवत जावत बन्द गरिएको । | ० | ० | ० | - |
| | डोटी | शिखर न.पा.-१० को २ तले ५ कोठे पक्की घरको पछाडी पट्टीको दिवाल बर्षादका कारण भत्किंदा घरमा बस्न सक्ने अवस्था नभएकोले आफन्तको घरमा शरण लिएको । | ० | ० | ० | उद्धार तथा राहतमा प्र.ना.नि.को कमाण्डमा ३ जनाको टोली खटिएको । |
| **आगलागी** | भोजपुर | टेम्केमैयुङ गा.पा.- ४ हुंगे स्थित एक घरमा वर्ष ६४ का एक पुरुष (सुस्त मनस्थिती)ले आगो बाली ताप्ने क्रममा अचानक आगलागी हुँदा काठ, टेबुल, प्लास्टिकको कुर्सीसहित ल.क. जली ५ लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | - |
| | मोरङ्ग | बिराटनगर मनपा- ४ बरगाछी स्थित बिजुलीको पोलमा बिद्युत सर्ट भई पोलमा आगलागी हुँदा सिसि क्यामेरा २ थान समेत जली क्षति । | ० | ० | ० | सि.आर.भी. बरगाछीको टोली र दमकलको सहयोगमा आगो नियन्त्रण । |
| | धनुषा | शहिदनगर नगरपालिका- ६ स्थित एक घरमा ग्यााँस सिलिन्डर पड्किएर आगलागी हुँदा मोटर साइकल, लत्ताकपडा, अन्न र विभिन्न सरसामान जलेर १५ लाख रुपैंया बराबरको क्षति। | ० | ० | ० | स्थानीय, प्रहरी र दमकलको सहयोगमा आगो नियन्त्रण। |
| | काठमाडौं | काठमाण्डौ मनपा- १३ ताहाचल प्रहरी विट नजिक Bagmati प्रदेश B. AC3257 नं. को सामान ओसारपसार गर्ने सानो गाडीको वाईरिङ सर्ट भई आगलागी हुँदा ईन्जिन र सिट जली सामान्य क्षति । | ० | ० | ० | - |
| | कास्की | पोखरा म.न.पा.- ९ शान्तिवन सब्जीमण्डी स्थित स्टल नं. १०४ मा अचानक बिद्युत सर्ट भई आगलागी हुँदा टिभी, बुफर, टेबल, कुर्ची जली क्षति । | ० | ० | ० | CRV पृथ्वीचोकको टोली, स्थानीय र दमकलको सहायतामा आगो नियन्त्रण । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पर्वत | मोदी गा.पा.- ५ मा एकघरमा आगलागीका कारण एक व्यक्ति घाइते। | ० | ० | १ | घाइतेको उपचार भइरहेको |
| **जनावर आक्रमण** | उदयपुर | चौदण्डिगढी नपा- ३ हातिसार स्थित एक घरमा जंगली हात्ती आई घर भत्काई चामल, नुन, दाल खाई छरी २० कठ्ठा खेतमा लगाएको धानबाली समेत नष्ट गरी १ लाख १० हजार रुपैंया बराबरको क्षति | ० | ० | ० | - |
| **जम्मा संख्या** | | १४७ | १ | ० | ४ | |

❖ *नोटः असार २३ गते विहान १०:०० बजे देखि असार २४ गते विहान १०:०० बजेसम्म*

**विपद्का घटना सम्बन्धी सूचना र सन्देशका लागि** www.twitter.com/ndrrma_Nepal र www.facebook.com/ndrrma/videos र www.youtube.com/NDRRMA **मा जानुहोस्।**